# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)

शनिश्चरे , झापा

कोशी प्रदेश, नेपाल


प.स. ०८२/०८३ | मितिः २०८३/०१/०८

च.नं. ३८८२

विषयः- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

यो जो सँग सम्बन्धित छ ।

झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं. ५ स्थित श्री समाजसेवी आधारभूत विद्यालयमा रिक्त रहेको प्राथमिक तृतीय श्रेणी स्थायी शिक्षक पदमा सरुवाको प्रकिया अगाडि बढाइदिन भनी विद्यालयको च .नं. १२७ मिति २०८२/१२/२६ गतेको प्राप्त पत्रानुसार अनुरोध भई आएकाले सम्बन्धित तहका र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : -

- तोकिएको म्यादभित्र विद्यालयमा स्वयं उपस्थित भई वा विद्यालयको इमेल ठेगाना bhattaraimegh8@gmail.com मार्फत पनि निवेदन पेश गर्न सकिनेछ ।
- म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन दर्ता नहुने र सो सम्बन्धमा कुनै कार्यवाही हुने छैन ।
- थप जानकारीका लागि – फोन नं. ९८१५९४४९६१ (प्रधानाध्यापक)

अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाइ, भद्रपुर, झापा ।

श्री समाजसेवी आधारभूत विद्यालय, अ. न .पा. – ५, झापा ।

श्री सूचना प्रविधि शाखा, अर्जुनधारा नगरपालिका, झापा । - वेभसाइटमा अपलोड गरिदिनु हुन ।




CS Scanned with CamScanner